पेशागत हकहित, सुरक्षा, श्रम एकता आजको आवश्यकता

श्रम दर्ता नं. ३३८७

# नेबियु सन्देश

NEBEU SANDESH त्रैमासिक

आवद्ध : एनडीफ्रन्ट

वर्ष – ५ अङ्क २ पूर्णाङ्क ८ २०७६ कार्तिक सहयोग रू. १०/–




## युनियनको अधिवेशन सम्पन्न

नेपाल बैङ्क कर्मचारी युनियनले मिति २०७६ असार १२ र १३ गते धुलिखेल रिसोर्ट, काभ्रेमा २ दिने अधिवेशन,बैठक, प्रशिक्षण र बिदाई समारोहको आयोजना गरेको छ । कार्यक्रममा How to be a Good Leader विषयमा प्रशिक्षक कृष्णेश्वरी हाडाले व्यवहारिक एवम् शैद्धान्तिक प्रशिक्षण दिनुभयो भने युनियनका महासचिव राजुराम मुनंकर्मीले ऐतिहासिक सांगठनिक प्रतिवेदन र कोषाध्यक्ष जितेन्द्र खड्काले प्रस्तुत गर्नुभएको आर्थिक प्रतिवेदन तथा लेखा परीक्षण प्रतिवेदन उपर व्यापक छलफल गरी संशोधन सहित पारित गरिएको थियो ।

अधिवेशनमा प्रकाशलाल जोशी संयोजक र रमेशकुमार श्रेष्ठ तथा हिरा कर्माचार्य सदस्य रहेको निर्वाचन मण्डलले युनियनको नयाँ कार्यसमितिको चयन गरेको थियो । अधिवेशनले राजुराम मुनंकर्मीको अध्यक्षतामा ३९ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ ।

नयाँ कार्यसमितिका पदाधिकारीहरूमा वरिष्ठ उपाध्यक्ष सुमन श्रेष्ठ, उपाध्यक्षद्वयमा दीपकराज शर्मा र अनिता कायष्ठ, महासचिवमा राम गोपाल श्रेष्ठ, सचिवत्रयमा महेश डंगोल, सुन्दरकुमार पाल, र सन्तोष श्रेष्ठ रहेका छन् भने कोषाध्यक्षमा हरिसुन्दर कुसी र सहकोषाध्यक्षमा अनिल तामाङ्ग रहेका छन् ।

*बाँकी पृष्ठ ४ मा...*

## प्रमाणपत्र वितरण कार्यक्रम

नेपाल बैङ्क कर्मचारी युनियनको मिति २०७६/०३/१२-१३ गते धुलिखेल रिसोर्टमा सम्पन्न भएको अधिवेशन, बैठक, प्रशिक्षण र विदाइ समारोहका दिन युनियनका संस्थापक अध्यक्ष प्रकाशलाल जोशीको संयोजकत्वमा निवर्तमान अध्यक्ष रमेशकुमार श्रेष्ठ र पूर्व सचिव हिराप्रसाद कर्माचार्य सदस्य रहेको निर्वाचन मण्डलले सम्पूर्ण पदहरूमा निर्विरोध निर्वाचन कार्यक्रम र शपथ ग्रहण कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको थियो ।

उक्त अधिवेशनमा निर्वाचित युनियनका केन्द्रीय पदाधिकारी तथा सदस्यहरूलाई मिति २०७६/०३/२५ गतेका दिन युनियनको सचिवालयमा एक समारोहका बीच निर्वाचन मण्डलको समुपस्थितिमा पूर्व अध्यक्ष तथा निर्वाचन संयोजक प्रकाशलाल जोशीले निर्वाचित पदको प्रमाणपत्र वितरण कार्य सम्पन्न गर्नुभएको थियो ।

**नैतिक बैंकिङ्गको नेतृत्व गर्ने गरी यस बैङ्कलाई सञ्चालन गर्नु हाम्रो ...**

**प्रमुख कार्यकारी अधिकृत कृष्णबहादुर अधिकारीसंगको**

**अन्तर्वार्ता**

**(पृष्ठ ६ मा)**





# सम्पादकीय

## बैंकिङ्ग कसुर अक्षम्य अपराध

**नेपालमा बैंकिङ्ग व्यवसाय जति फस्टाउँदै आए, क्रमशः बैंकिङ्ग कसुर पनि बढ्दै गएको देखिन्छ । विश्वव्यापीकरण युगमा हालसालैको एटिएम ह्याक देखि विभिन्न बैङ्कहरूमा बैकिङ्ग कसुर गर्ने गिरोह नै सल्बलाउन थालेका छन् । देशको समृद्धिको लागि सुशासन कायम हुनुपर्ने अवस्थामा यस्ता घटनाले जनताको मनमष्तिष्कमा नकारात्मक असर परेको देखिन्छ । बैंकिङ्ग व्यवसाय जति महत्वपूर्ण हो त्यति नै संवेदनशिल बिषय पनि हो । बैङ्क भन्ने बित्तिकै सिधै निक्षेपसंग अन्योन्याश्रित सम्वन्ध कायम रहेको हुन्छ । एउटा भनाइ पनि छ – पैसा देखेपछि महादेवको पनि तेस्रो नेत्र खुल्छ रे । यो भनाइ ठ्याक्कै अहिले बैकिङ्ग व्यवसायमा पो लागु हुन थालेको हो कि ? यो चिन्ताको विषय भएको छ । त्यसो त सन्तुष्टि भनेको मानवजीवनमा बिरलैलाई मात्रै होला । सन्तुष्टिको परिपूर्ति इमान्दारिता र मेहनतको कमाइबाट गर्ने हो नकि बेइमानीबाट । जनताको पसिनाको कमाइबाट बचत गरी जम्मा गरेको निक्षेपलाई बैकिङ्ग कसुर गरी खानु भनेको ठूलो अपराध हो –जुन अक्षम्य हुन्छ । त्यस्तै बैकिङ्ग कसुर गर्न सघाउने जो कोही पनि, चाहे त्यो नियमन निकायकै तहको भए पनि उत्तिकै सजायका भागिदार ठहरिनु पर्दछ । यसरी सजाय दिंदा तेरो मेरो गरी कसैले बचाउन खोज्दछन् भने तिनीहरू पनि सजायका भागिदार ठहरिनु पर्दछ । तव मात्रै सुशासन कायम होला नत्र भने सुशासन भन्ने शब्द कोरा नारामा मात्रै सिमित रहन जान्छ ।**

**यसै सन्दर्भमा नेपाल बैङ्कमा हाल नयाँ व्यवस्थापन समितिको गठनसगै नयाँ प्रमुख कार्यकारी अधिकृत तथा उच्च व्यवस्थापकहरू चयन भएका छन् । यो परिवर्तनसँगै उहाँहरू तथा सम्पूर्ण कर्मचारीवर्गमा बैङ्क विकासको गहन जिम्मेवारी आइ पुगेको छ । बैङ्क विकासको लागि सवै पक्ष मिलेर सुशासन कायम गरी समृद्धि तिर लम्किनु पर्ने अवस्थामा नेपाल बैङ्कमा पनि बैकिङ्ग कसुरको नमिठो घटनाले कतै हाम्रो शाख गिर्ने पो हो कि भन्ने चिन्ताको विषय भएको छ । अतः यसमा हामी सबै सजग र चनाखो रहनु पर्दछ ।**

**अन्तमा,**

**नेपालीहरूको महान चाड बडा दशैं, तिहार – २०७६, न्हू दँ ने.सं. ११४० तथा छठ पर्वको सुखद अवसरमा समस्त नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

## विभिन्न विभागहरू गठन

यस युनियनको मिति २०७६ श्रावण ६ गतेको बैठकबाट युनियनलाई व्यवस्थितरुपमा सञ्चालन गर्न विभिन्न विभागहरू गठन गरी पदाधिकारी तथा सदस्यहरूलाई जिम्मेवारी बाँडफाँड समेत गरियो ।

**१) संगठन विभाग**

संयोजक : महासचिव श्री राम गोपाल श्रेष्ठ
सदस्य : वरिष्ठ उपाध्यक्ष श्री सुमन श्रेष्ठ
सदस्य : उपाध्यक्ष श्री दिपकराज शर्मा
सदस्य : सचिव श्री महेश डंगोल
सदस्य : के.स. श्री विकास नेपाली

**२) कार्य सम्पादन विभाग**

संयोजक : उपाध्यक्ष श्री दीपकराज शर्मा
सदस्य : महासचिव श्री राम गोपाल श्रेष्ठ
सदस्य : सचिव श्री सन्तोष श्रेष्ठ
सदस्य : कोषाध्यक्ष श्री हरिसुन्दर कुसी

**३) समन्वय तथा प्रचार प्रसार विभाग**

संयोजक : वरिष्ठ उपाध्यक्ष श्री सुमन श्रेष्ठ
सदस्य : सचिव श्री महेश डंगोल
सदस्य : सचिव श्री सुन्दर कुमार पाल
सदस्य : सहकोषाध्यक्ष अनिल तामाङ्ग
सदस्य : के.स. श्री श्याम महर्जन
सदस्य : के.स. श्री विजय जोशी
सदस्य : के.स. श्री सुमन श्रेष्ठ
सदस्य : के.स. पुष्पराज भुजु

**४) प्राविधिक विभाग**

संयोजक : सहकोषाध्यक्ष श्री अनिल तामाङ्ग
सदस्य : के.स. मदनकृष्ण सैंजु
सदस्य : के.स. श्री सुरेन्द्र कर्ण
सदस्य : के.स. श्री सुदीप दहाल
सदस्य : के.स. श्री महेश महर्जन

**५) महिला विभाग**

संयोजक : उपाध्यक्ष श्री अनिता कायष्ठ
सदस्य : के.स. श्री पुष्पा श्रेष्ठ
सदस्य : के.स. श्री हसिना पोडे
सदस्य : के.स. श्री तारा पोडे
सदस्य : के.स. श्री समा नेपाली
सदस्य : के.स. सुनयना भूर्तेल
सदस्य : के.स. श्री मनिका नायजु

**६) आर्थिक विभाग**

संयोजक : कोषाध्यक्ष श्री हरि सुन्दर कुसी
सदस्य : सहकोषाध्यक्ष श्री अनिल तामाङ्ग
सदस्य : वरिष्ठ उपाध्यक्ष सुमन श्रेष्ठ
सदस्य : के.स. श्री विकास नेपाली

# संविधान दिवसको अवसरमा रक्तदान कार्यक्रम

संविधान दिवस-२०७६ को अवसरमा नेपाल बैङ्क लिमिटेडले मिति २०७६ असोज १ गते ने.बै.लि. प्रधान कार्यालयको प्राङ्गणमा आयोजित

**खुल्ला रक्तदान कार्यक्रममा सहभागी रक्तदाताहरूको नामावली**

| | | | | |
|---|---|---|---|---|
| **क ) रगत समुह : 0 +ve** | ११. श्री प्रकाश पहारी | २१. श्री पुष्पा श्रेष्ठ | ३१. श्री नवप्रकाश श्रेष्ठ | ४२. श्री श्यामराज सुब्बा |
| १. श्री सुदिप ढकाल | १२. श्री रामबाबु घिमिरे | २२. श्री हरिसुन्दर कुसी | ३२. श्री सन्ध्या श्रेष्ठ | ४३. श्री उमेश महर्जन |
| २. श्री ऋषिराम न्यौपाने | १३. श्री जयराम कार्की | २३. श्री अनिल चौधरी | ३३. श्री गीता कोइराला | **घ) रगत समुह : B +ve** |
| ३. श्री विजय श्रेष्ठ | १४. श्री मिनबहादुर तामाङ्ग | २४. श्री डेनिम राजथला | ३४. श्री मोहनकुमार श्रेष्ठ | ४४. श्री सुरेश श्रेष्ठ |
| ४. श्री सन्दिप श्रेष्ठ | १५. श्री राकेश महर्जन | **ग) रगत समुह : A +ve** | ३५. श्री सविता आचार्य | ४५. श्री सिर्जना सिंह |
| ५. श्री सरोज खरेल | १६. श्री अमर दिप नायक | २५. श्री कविना महर्जन | ३६. श्री सुदिप पन्त | ४६. श्री साइला रिखाम |
| ६. श्री रामकुमार घिमिरे | १७. श्री लेखनाथ अधिकारी | २६. श्री आमोद राजभण्डारी | ३७. श्री सुरजप्रसाद श्रेष्ठ | ४७. श्री बिहिका पाण्डे |
| ७. श्री जिवराज ढकाल | १८. श्री प्रजिना चित्रकार | २७. श्री सुमन श्रेष्ठ | ३८. श्री परशुराम राई | ४८. श्री अशोक घिमिरे |
| ८. श्री राजन पौडेल | **ख) रगत समुह : AB +ve** | २८. श्री सविना खनाल | ३९. श्री कमल श्रेष्ठ | **ङ) रगत समुह : A-ve** |
| ९. श्री सुमनकुमार शाह | १९.. श्री द्वारिका घोरसैनि | २९. श्री दिपक भट्ट | ४०. श्री अशोक शाह | ४९. श्री बिदुर कार्की |
| १०. श्री एलेक्सा पोखरेल | २०. श्री कविन्द्रलाल प्रधान | .३० श्री समा नेपाली | ४१. श्री निरज बुढाथोकी | ५०. श्री अस्मिता काफ्ले |

# युनियनको छैठौं बार्षिकोत्सवमा तुच्चा ज्याभ्व:



नेपाल बैङ्क कर्मचारी युनियनले आफ्नो बार्षिकोत्सवको उपलक्ष्यमा मनाउँदै आईरहेको जलपान कार्यक्रम र दीपावली कार्यक्रमलाई यो वर्ष पनि निरन्तरता दिँदै मिति २०७६ श्रावण १३ गते सोमबार नेपाल बैङ्क लिमिटेड प्रधान कार्यालयको प्राङ्गणमा नेवारी परम्परा अनुसारको सम्हेबजि सहितका तुच्चा ज्याभ्व: भव्यतापूर्वक सम्पन्न गरेको छ। नेपाल बैङ्क कर्मचारी युनियनको छैठौं वर्ष प्रवेशको उपलक्ष्यमा आयोजित उक्त कार्यक्रममा नेपाल बैङ्क लिमिटेडका का.मु.प्रमुख कार्यकारी अधिकृत देखि उच्च व्यवस्थापकहरू, व्यवस्थापकहरू, प्रधान कार्यालय र काठमाण्डौ अफिसमा कार्यरत सम्पूर्ण कर्मचारीहरू, उपत्यकामा रहेका नेपाल बैङ्कका शाखागत प्रतिनिधिहरू, युनियनका संस्थापक देखि वर्तमान कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू, नेपाल बैङ्क लिमिटेडका क्रियाशिल अन्य ३ वटा सहकर्मी ट्रेड युनियनका पदाधिकारी तथा सदस्यहरू, नेपाल बैङ्कका भु.पु. कर्मचारीहरू, नेबियु सन्देशका लेखकवर्ग, बिज्ञापनदाताहरू, पत्रकारहरू, वरिष्ठ फोटोग्राफर, साहित्यकार तथा वरिष्ठ गायक जुजुकाजी रन्जित, वरिष्ठ ट्रेड युनियनकर्मीहरू, ब्लोदानका केन्द्रीय तथा जिल्ला पदाधिकारीहरू, नेपाल रक्त सञ्चार केन्द्रका निर्देशक डा.मनिता राजकर्णिकार र जनसम्पर्क अधिकृतहरू, ने.हृ.रो.नि.प्र.लगायतका अन्य संघ संस्थाहरू समेत गरी ६०० भन्दा बढीको संख्यामा उत्साहवर्द्धक सहभागिता रहेको थियो भने सहभागीहरूलाई युनियनको तर्फबाट अग्रपंक्तिमा रहेर युनियनका केन्द्रीय अध्यक्ष राजुराम मुनंकर्मी, महासचिव राम गोपाल श्रेष्ठ र संयोजक एवम् वरिष्ठ उपाध्यक्ष सुमन श्रेष्ठ, उपाध्यक्ष दीपकराज शर्मा, कोषाध्यक्ष हरिसुन्दर कुसी र निवर्तमान अध्यक्ष रमेशकुमार श्रेष्ठ तथा सचिवालय सदस्य विकास नेपालीले स्वागत गर्नुभएको थियो ।

बैङ्क कर्मचारीहरूको मिनि भेला जस्तै देखिएको उक्त कार्यक्रममा नयाँ-पुराना कर्मचारीहरू बीच एकआपसमा परिचय र अनुभव साटासाट गर्ने अवसर मिलेको सहभागीहरूले बताए। सोही दिन युनियनका वर्तमान पदाधिकारी तथा सदस्यहरू, पूर्व पदाधिकारी तथा सदस्यहरू र अन्य सहभागीहरूको समुपस्थितिमा दीपावली गरी युनियनको छैठौं वर्ष प्रवेश वार्षिकोत्सव भव्यतापूर्वक सम्पन्न गरियो ।

## युनियन नविकरण

नेपाल बैङ्क कर्मचारी युनियन २०७० मा स्थापना भई मिति २०७२/०३/२० मा पहिलोपल्ट श्रम कार्यालयमा विधिवत रुपमा दर्ता भई मिति २०७४/०४/१६ मा पुन: नविकरण भएको थियो भने सम्पूर्ण प्रक्रिया पुऱ्याइ मिति २०७६/०३/२५ मा पुन: २ वर्षका लागि नविकरण भएको छ ।

## एशिया प्यासिफिक क्षेत्रीय सम्मेलनमा सहभागिता

विश्व ट्रेड युनियन महासंघ समन्वय समितिको आयोजनामा मिति २०७६ असोज ७ र ८ गते होटेल यलो प्यागोडा, जमलमा सम्पन्न एशिया प्यासिफिक क्षेत्रीय सम्मेलन सम्पन्न भयो।

सो सम्मेलनमा एनडिफन्टको निमन्त्रणामा यस युनियनको तर्फबाट केन्द्रीय अध्यक्ष राजुराम मुनंकर्मी, वरिष्ठ उपाध्यक्ष सुमन श्रेष्ठ, उपाध्यक्ष दीपकराज शर्मा, महासचिव राम गोपाल श्रेष्ठ र कोषाध्यक्ष हरिसुन्दर कुसीको सहभागिता रहेको थियो ।

*नेपाल बैङ्क कर्मचारी युनियनको ....*

त्यसैगरी सदस्यहरूमा जितेन्द्र खड्का, ज्ञानु श्रेष्ठ, शर्मिला नकर्मी, लोकेश प्याकुरेल, मदनकृष्ण सैंजु, सुदिप दहाल, श्याम महर्जन, विकास नेपाली, गंगा गोतामे, हसिना पोडे, विजय जोशी, तारा पोडे, समा नेपाली, दिपेन्द्र कार्की, सुनयना भुर्तेल, अजय पोडे, सरोज श्रेष्ठ, पुष्पराज भुजु, मनिका नायजु, शान्ता महर्जन खड्का, अर्जुन खड्का, निरू नापित, पुष्पा श्रेष्ठ, सुमन श्रेष्ठ,(चौतारा), रजु पोडे, विज्ञान महर्जन, रविन पोडे, महेश महर्जन र राजेन्द्र देउला रहेका छन् ।





युनियनका कार्यवाहक अध्यक्ष दीपकराज शर्माको सभापतित्वमा सम्पन्न अधिवेशनमा नेपाल बैङ्कबाट हालै अवकाश हुनुभएका युनियनका पूर्व पदाधिकारी तथा सदस्यहरू क्रमश: अध्यक्ष रमेशकुमार श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष राजुभक्त प्रधानाङ्ग, कोषाध्यक्ष सरिता प्रधान, सचिव रविन्द्रकुमार गिरी र सदस्यहरू सुरेन्द्र कर्ण, मिलन तुलाधर, महेश्वर भक्त श्रेष्ठ, वसन्त बज्राचार्य, मोहनी देवि कायष्ठ र शारदा अधिकारीलाई युनियनको तर्फबाट का.बा. अध्यक्ष दीपकराज शर्माले मायाको चिनो प्रदान गरी बिदाइ गर्नुभएको थियो ।

त्यसैगरी अधिवेशनले बैङ्क विकास सम्वन्धी र पेशागत हकहित सम्वन्धी विभिन्न प्रस्तावहरू पारित गर्दै नेपाल बैङ्कमा तत्कालिन अवस्थामा हुन नसकेको सिइओ नियुक्तिको प्रकृयालाई यथाशिघ्र टुग्यांउनुपर्ने विषयमा माग गरिएको थियो ।

## बजेट तर्जुमा गोष्ठीमा युनियनको सहभागिता

नेपाल बैङ्क लिमिटेडले चालु आ.व. ०७५/०७६ को कार्यसम्पादन समीक्षा, बैङ्कमा आ.व. ०७५/०७६ देखि जारी ५ वर्षे रणनीतिक योजनाको पुनरावलोकन तथा आ.व. ०७६/०७७ को बजेट तर्जुमा गर्ने उद्देश्यले बैङ्कका उच्चपदस्थ अधिकारीको सहभागितामा मिति २०७६/०१/१९ र २० गते प्रदेश नं ५,६ र ७ को होटल डिभोटि, धनगढीमा भएको गोष्ठीमा युनियनका नेपालगन्ज क्षेत्रका निमित्त .क्षेत्रीय अध्यक्ष कृष्णबहादुर थापा, मिति २०७६/०१/२४ र २५ गते प्रदेश नं १ को होटल बरन्डा, इटहरीमा भएको गोष्ठीमा तत्कालिन केन्द्रीय सहकोषाध्यक्ष श्री हरिसुन्दर कुसी (हाल कोषाध्यक्ष) र मिति २०७६/०२/०५ र ०६ गते प्रदेश नं ३ को होटल भिउ भृकुटी,गोदावरीमा सम्पन्न भएको गोष्ठीमा युनियनका तत्कालिन महासचिव राजुराम मुनंकर्मी (हाल अध्यक्ष) को सकृय सहभागिता रहेको थियो ।

## ब्लोदानका विविध कार्यक्रमहरूमा सहभागिता

ब्लड डोनर्स एशोसियन नेपाल (ब्लोदान) का हरेक कार्यक्रमहरूमा यस युनियनको पनि सक्रिय सहभागिता रहँदै आएको छ ।

सोही अनुसार यो वर्ष २०७६ भाद्र २१ गतेका दिन नेपा: व्याङ्क्वेट, खुशिबुँमा सम्पन्न भएको ब्लोदानको २२ औं साधारण सभा र मिति २०७६ कार्तिक २ गते साफ्रा पार्टी प्यालेस, लगनखेलमा सम्पन्न भएको शुभकामना आदानप्रदान र चियापान कार्यक्रम यस युनियनका केन्द्रीय अध्यक्ष राजुराम मुनंकर्मी र उपाध्यक्ष दीपकराज शर्मालगायतका पदाधिकारी तथा सदस्यहरूको सहभागिता रहेको थियो ।

# हार्दिक बधाई



**श्री कृष्णबहादुर अधिकारी**
**प्रमुख कार्यकारी अधिकृत**



**श्री समता पन्त**
**नि. नायव प्रमुख कार्यकारी अधिकृत**

नेपालको जेठो बैङ्क नेपाल बैङ्क लिमिटेडको गरिमामय प्रमुख कार्यकारी अधिकृतमा श्री कृष्णबहादुर अधिकारी र निमित नायव प्रमुख कार्यकारी अधिकृतमा समता पन्त नियुक्ति भई पदभार समेत ग्रहण गरिसक्नु भएको हुँदा यस युनियनका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरूका तर्फबाट खुशी व्यक्त गर्दै हार्दिक बधाई तथा कार्यकालको पूर्ण सफलताको कामना समेत गर्दछौं । साथै उहाँहरु दुबैको कुशल नेतृत्वले नेपाल बैङ्क लिमिटेडलाई अग्रता कायम गर्नमा सफलता मिलोस् भनी हार्दिक शुभेच्छा समेत प्रकट गर्दछौं ।

**नेपाल बैंङ्क कर्मचारी युनियन**
**परिवार**

# वित्तीय स्वतन्त्रता र यसको सही व्यवस्थापन




रोशन पोखरेल
**प्र.का.कर्जा प्रशासन डिभिजन**
**नेपाल बैंक लिमिटेड**


"Man is born free, and everywhere he is in chains. One thinks himself the master of others, and still remains a greater slave than them"

स्वीट्जरल्याण्डका लेखक/दार्शनिक Jean Jacques Rousseau को माथिको उदगारबाट स्वतन्त्रता शब्दको गहिराई थाहा लाग्छ । यहाँ हामीले चर्चा गर्न खोजेको बिषय स्वतन्त्रतासँग सम्बन्धित भएकोले पनि यस लेखको शुरुवात यसै उदगारबाट थालनी गर्नु आवश्यक थियो । प्रसिद्ध अमेरिकी लगानीकर्ता तथा लेखक रोर्वट कियोसाकी उनको ख्यातीप्राप्त पुस्तक Cashflow Quadrant को शुरुवातमा उनका धनी पिता (साथीका पिता) लाई सम्झँदै उल्लेख गर्छन् - वित्तीय स्वतन्त्रता विना तिमीले कहिल्यै सच्चा स्वतन्त्रता पाउन सक्दैनौ ।

## आखिर के हो त वित्तीय स्वतन्त्रता ?

सामान्यतः कुनै पनि ब्यक्ति वा परिवारको पारिवारिक बजेट धनात्मक रहेको अवस्थालाई वित्तीय स्वतन्त्रताको अवस्था भन्ने बुझिन्छ । दैनिक जीवनयापन गर्न आवश्यक खर्च भन्दा निष्कृय आय अर्थात् देखिने रुपले कार्य नगरी प्राप्त हुने आय बढिरहेको अवस्था आर्थिक स्वतन्त्रताको अवस्था हो । निष्कृय आय त्यो आम्दानी हो जुन कमाउने ब्यक्तिको प्रत्यक्ष संलग्नता नभए पनि प्राप्त हुने गर्छ । यसमा बैङ्क तथा वित्तीय संस्थाबाट प्राप्त हुने ब्याज, लगानीमा प्रतिफल, सम्पत्ति भाडामा दिए बापत प्राप्त हुने बहाल रकम आदि पर्दछन् । वित्तीय स्वतन्त्रता वित्तीय साक्षरतासँग सम्बन्धित शब्दावली हो । जसको बारेका जानकार ब्यक्तिले आम्दानी खर्च र बचत बीचको भेद थाहा पाएको हुन्छ । आजको जटिल समाजमा वित्तीयरुपमा स्वतन्त्र हुनु धेरै जरुरी कुरा हो । आय बराबर खर्च हुने परिवारको जीवन हाम्रो जस्तो सामाजिक सुरक्षाको उचित प्रवन्ध नभएको राज्यमा सधै असुरक्षा र तनाव बीच रहन्छ । परिवारको सदस्य सामान्य मात्र बिरामी हुँदा समेत बजेट डामाडोल हुने स्थितिले सदैव असुरक्षाको भावलाई बढाइरहेको हुन्छ । जसले ब्यक्तिको पारिवारिक सामाजिक जीवनमा विचलन पैदा गरिरहेको हुन्छ । त्यसैले कियोसाकी भन्छन् - Financial freedom is freedom from fear.

## बृहत (राज्यस्तर) मा वित्तीय स्वतन्त्रताको उपयोग

बचत शुन्यको अवस्था राष्ट्रिय अर्थतन्त्रको लागि समेत प्रत्युपादक हुने गर्छ। बचतको स-सानो एकाई एकत्रित भएर नै लगानीको लागि पुँजीको रुप लिने भएकोले समेत अर्थतन्त्रमा बचतको आफ्नै किसिमको महत्व रहेको पाइन्छ । वित्तीय स्वतन्त्रता प्राप्तीको पहिलो शर्त हो, खर्चमा कटौती वा आम्दानीमा बढोत्तरी । खर्चमा कटौती गर्ने बानी भएको ब्यक्ति विलासिताका बस्तुहरूबाट टाढै बस्ने भएकोले राज्यले गर्ने अनावश्यक आयातमा समेत कटौती त हुन्छ नै लगानी तथा ब्यवसायका नयाँ नयाँ अवसरहरू समेत नागरिकले पहिल्याउने हुँदा अर्थतन्त्रले नौलो र दिर्घकालिन उर्जा प्राप्त गर्दछ । यसको सबैभन्दा ठूलो फाइदा भनेकै नागरिकमा ब्यवसायिक सोचको विकास हुनु हो । जसले अर्थतन्त्रको गतिलाई तिब्र र दिर्घकालिन बनाउँछ । त्यसैले राज्यस्तरबाटै बैंकिङ बानीको विकास गर्ने, बचतलाई प्रोत्साहित गर्ने किसिमका नीतिहरू लिइनु आवश्यक रहन्छ । जसको लागि स-सानो बचतमा जनताले प्राप्त गर्ने प्रतिफललाई करमुक्त गर्न सकिन्छ ।

नागरिकस्तरमा पनि ब्यक्तिले आय र खर्च बीचमा अनुत्पादक खर्चलाई कटौती गर्दै केही निश्चित रकम नियमित बचतको रुपमा अनुशासित तवरले जम्मा गर्दै पूँजीको स्वरुपमा लैजान सकिन्छ । यसप्रकार निर्माण भएको पूँजीलाई आयमुलक ब्यवसाय वा अन्य लगानीको क्षेत्रमा परिचालन गर्दै अर्थतन्त्रलाई चलायमान बनाउन थोरै भएपनि योगदान दिन सकिन्छ। वित्तीय स्वतन्त्रता जस्तो वित्तीय साक्षरता सम्बन्धी शब्दावली बुझेको ब्यक्तिले पैसाको ब्यवस्थापन सम्बन्धी कला जानेको हुन्छ । फलतः उसले अनुत्पादक खर्चमा लगाम लगाउँछ । उपभोगमुखी प्रवृत्तिलाई निरुत्साहीत गर्दछ । सानै भएपनि आय र रोजगारीमूलक ब्यापार ब्यवसाय सञ्चालनबाट राज्यलाई फाइदा पुऱ्याउँछ र आफै पनि फाइदा प्राप्त गर्छ । पैसाको सदुपयोगबाट रेमिटान्स जस्तो अल्पकालिन आयआर्जनको बाटोबाट प्राप्त आयलाई ब्यवसायमा लगाई दिर्घकालिन बनाउन सकिन्छ । जसले राज्यलाई परनिर्भरताबाट मुक्ति दिलाउन सक्छ ।

## ब्यक्तिगत तथा सामाजिकस्तरमा फाइदा

वित्तीय स्वतन्त्रता प्राप्त गरेको ब्यक्तिको आर्थिक सामाजिकस्तरमा समेत बृद्धि हुन पुग्छ । अझ हाम्रो जस्तो मुलुकको सबैभन्दा ठूलो समस्याको रुपमा रहेको सामाजिक बिभेद अन्त्यको लागि समेत यो अवधारणा सार्थक हुन सक्छ । महिला, दलित, पिछडिएका बर्गलाई आय आर्जनको कार्यक्रममा समावेश गर्दै वित्तीय स्वतन्त्रता दिलाउन सके समाजमा रहेको उत्पिडनको समस्या समाधान भएर जान्थ्यो कि । आर्थिकरुपमा विपन्न, खान लाउन नै समस्या पर्ने गरेको परिवारनै आखिरमा सामाजिक विभेदको शिकार हुने हुन् । अन्य कारण विशेष भन्दा पनि आर्थिक समस्या नै उत्पिडनको प्रमुख कारक तत्व हो ।

आर्थिकरुपले सम्पन्न परिवार चाहे त्यो दलित होस् वा कथित उपल्लो जातको, बिभेदको शिकार भएको पाइन्न । वित्तीय रुपले स्वतन्त्र परिवारलाई समाजले समेत सम्मानको नजरले हेर्ने गर्छ । घरेलु हिंसाको शिकार तिनै महिला हुन्छिन्, जो परिवारको आय माथि निर्भर रहन्छ। आत्मनिर्भर महिला घरेलु हिंसामा परेको कमै मात्र सुनिएको छ। घरकै काम सम्हालेर पनि स-सानो उद्यम घरमै बसेर पनि गर्न सकिन्छ । जसले उनको आत्मविश्वास त बढ्छ नै, घर समाजले पनि सम्मानजनक नजरले हेर्छ । त्यसैले जरुरी छ, महिलालाई आत्मनिर्भर बनाउनु जसको मार्ग वित्तीय स्वतन्त्रता अभियानले प्रशस्त गर्न सक्छ।

*बाँकी पृष्ठ ११ मा...*

# नैतिक बैंकिङ्गको नेतृत्व गर्ने गरी यस बैङ्कलाई सञ्चालन गर्नु हाम्रो प्रमुख दायित्व हो ।



**कृष्णबहादुर अधिकारी**
**प्रमुख कार्यकारी अधिकृत, ने.बै.लि.**

*(नेपाल बैङ्क  कर्मचारी युनियनको मुखपत्र नेबियू सन्देशको आठौं  अङ्कका लागि नेपाल बैङ्क लिमिटेडका नवनियुक्त प्रमुख कार्यकारी अधिकृत श्री कृष्णबहादुर अधिकारीज्यूसँगको अन्तरवार्ता । )*

| | | |
|---|---|---|
| नाम | : | कृष्णबहादुर अधिकारी |
| ठेगाना | : | बेशिशहर २, लमजुङ्ग, नेपाल । |
| जन्म मिति | : | २०२७/०४/१७ |
| शिक्षा | : | एम बि ए (त्रिभुवन विश्वविद्यालय) इ एम बि ए (पूर्वाञ्चल विश्वविद्यालय) |
| पिताको नाम | : | चन्द्रबहादुर अधिकारी |
| माताको नाम | : | सिरमाया अधिकारी |
| पत्निको नाम | : | शारदा अधिकारी |
| पारिवारीक स्थिति | : | संयुक्त परिवार |
| बैङ्क प्रवेश मिति | : | २०६१/०७/१६ |
| बैङ्क सेवा प्रवेश गर्दाको पद | : | सहायक प्रबन्धक |
| बैङ्क सेवामा भएका पदोन्नतिहरू | : | उप प्रबन्धक (आन्तरीक प्रतियोगिता), बरिष्ठ प्रबन्धक (खुल्ला प्रतियोगिता), मुख्य प्रबन्धक, सहायक प्रमुख कार्यकारी अधिकृत, नायव प्रमुख कार्यकारी अधिकृत हुँदै प्रमुख कार्यकारी अधिकृत |
| नेपाल बैङ्कको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्ति मिति | : | २०७६/०६/१५ |
| रुचि | : | अध्ययन |
| भाषा ज्ञान | : | नेपाली, अंग्रेजी |
| भ्रमण | : | चीन, भारत, युनाईटेड अरब ईमिरेटस, सिङ्गापुर |
| बैकिङ्ग अनुभव | : | नेपाल बैङ्क लिमिटेडका विभिन्न पदहरू |

***नेबियु सन्देश : नमस्कार, सर्वप्रथम नेपाल बैङ्क लिमिटेड जस्तो गरिमामय संस्थाको प्रमुख कार्यकारी अधिकृतमा नियुक्ति हुनुभएकोमा यहाँलाई हार्दिक बधाई छ ।***

नमस्कार तथा धन्यबाद । साथै नेपाल बैङ्कको ईतिहासमा पहिलो पटक संस्थाभित्रबाट प्रमुख कार्यकारी अधिकृत चयन भएकोमा आदरणिय सञ्चालक समितिले संस्थामा कार्यरत कर्मचारीहरू प्रति गरिएको विश्वास भएकोले हामी सबै बधाईका पात्र भएका छौ । यहाँलाई पनि बधाई छ ।

***नेबियु सन्देश : नेपाल बैङ्कको ceo पदमा नियुक्ति पाउँदा तपाईंले कस्तो अनुभव गर्नुभयो ? बताइदिनु हुन्छ कि ?***

आफूले सेवा प्रारम्भ गरेको संस्थाको सर्वोच्च पद हासिल गर्ने आकांक्षा हुनु स्वभाविक नै थियो । सर्वोच्च पद हासिल भए पनि नभएपनि कर्तव्यनिष्ठ भै आफ्नो संस्थाप्रति समर्पित हुनु सबैको कर्तव्य हुन्छ । मैले पनि आफ्नो कर्तव्यनिष्ठका साथ बहन गर्दै आएको हुँ । यही सिलसिलामा नेपालमा बैंकिङ्ग सेवाको प्रारम्भ गरेको नेपाल बैङ्कको प्रमुख कार्यकारी अधिकृत पदमा चयन हुँदा निश्चय नै गौरवको अनुभूति भएको छ । यो पद आफैमा जिम्मेवारी हो । यस क्षणमा आफ्नो भूमिका र संस्थाको श्रीबृद्धिको लागि थप जिम्मेवारीको महशुस भैरहेको छ ।

***नेबियु सन्देश : नेपाल बैङ्कले लिएको CEO पदको खुल्ला प्रतियोगितामा यहाँको Business Plan उत्कृष्ठ ठहरिएको छ । उक्त Business plan बनाउँदा कस्तो Vision राख्नुभएको थियो ?***

निश्चय पनि मैले पेश गरेको व्यवसायिक योजना अन्य प्रतिष्पर्धी भन्दा उत्कृष्ठ ठहरिएकोले यस पदमा छनौट हुन सफल भएको छुँ । यस बैङ्कमा विगत १५ बर्षदेखि निरन्तर समर्पित हुँदै आएकोले कस्तो व्यवसायिक योजना उपयुक्त हुन्छ, संस्थाको सवल तथा दुर्बल पक्ष र यसको अवसर तथा चुनौतिको सन्दर्भमा अन्य प्रतिस्पर्धीलाई भन्दा विषेश ज्ञान भएकोले व्यवसायिक योजना तयार गर्दा सहज हुन जानु स्वभाविकै हो । संस्थाको व्यवसायिक क्षमतालाई उच्चतम सदुपयोग गर्दै दिगोरुपमा सफल हुनको लागि ग्राहकहरूले माया गर्ने संस्थाको रुपमा परिणत हुने विश्वास लिएको छुँ। व्यवसायिक योजना तर्जुमा गर्दा बैङ्कको हालको वित्तीय अवस्था, समग्र बैकिङ्ग उद्योगमा नेपाल बैङ्कको अंश, शेयरधनी महानुभावहरूको अपेक्षालाई ध्यानमा राखी आगामी ४ बर्षमा व्यवसायिक बृद्धि, कार्यसंस्कार तथा पद्धतिमा सुधार गर्दै सुदृढ र सक्षम बैङ्कको रुपमा परिणत हुने अपेक्षा लिएको छुँ ।

***नेबियु सन्देश : नेपाल बैंङ्क लिमिटेडमा कार्यरत रहँदा तपाईंले शाखा, बैंकिङ्ग अफिस प्रमुख, ACEO हुँदै DCEO सम्मको महत्वपूर्ण जिम्मेबारी सम्हाल्दै गर्दा के कस्ता कठिनाइ भोग्नुपर्‍यो ? अनि के कति सफलता हासिल गर्नुभयो ? बताइदिनु हुन्छ कि ?***

नेपाल बैङ्क लिमिटेड पुरानो र ठूलो संस्था भएकोले यसको आफ्नै कार्य संस्कृति छ । यस परिबेशमा काम गर्दा केही आरोह अवरोहको अनुभुति हुनु स्वभाविकनै रहन्छ । विभिन्न शाखाहरू तथा प्रधान कार्यालयको विभिन्न विभागहरूमा रहँदा कार्यसंस्कृतिमा आमुल परिबर्तन गर्दै समग्र बैङ्कको वित्तीय अवस्थालाई मजबुत बनाउन आफ्नो जिम्मेवारीलाई अनुशासित तवरबाट सम्पादन गर्न, सर्बसाधारण ग्राहकहरूको सेवालाई गुणस्तरिय र प्रभावकारी बनाउने प्रकृयामा यदाकदा उत्पन्न असमझदारी सामुहिक रुपमा नै हल गर्दै अगाडि बढ्न सफल भएको अनुभुति भएको छ ।

***नेबियु सन्देश : नेपाल बैङ्कको हालको अवस्थालाई तपाईंले नजिकबाट नियाल्नु हुँदा कस्तो पाउनुभएको छ ? सविस्तार बताइदिनु हुन्छ कि ?***

नेपाल बैङ्कले हाल १६५ शाखा र २३ एक्सटेन्सन काउन्टर सञ्जालबाट देशको विभिन्न भौगोलिक क्षेत्रमा आफनो सेवा प्रदान गर्दै आईरहेको सर्वविदितै छ । यो शाखा सञ्जाललाई सम्भाव्यताको आधारमा नेपालको ७७ जिल्लामानै विस्तार गर्दै नेपाल सरकारको समृद्धिको लक्ष्यलाई हासिल गर्न अग्रणी भूमिका निर्बाह गर्नेछ ।

विगतको खराव स्थितिलाई पार गर्दै नेपाल बैङ्क एउटा सक्षम र स्वस्थ बैङ्कको रुपमा अझ सुदृढ दिशातिर उन्मुख छ । बैङ्कलाई यस अवस्थासम्म ल्याई पुर्‍याउन योगदान दिनुहुने पूर्व प्रमुख तथा समस्त कर्मचारीहरू, नियामक निकाय नेपाल राष्ट्र बैङ्क, नेपाल सरकार, शेयरधनी महानुभावहरू, समस्त ग्राहकबर्गहरूलाई धन्यबाद अर्पण गर्दछु। बैङ्क सहिदिशा तर्फ अगाडि बढिरहेको अवस्थामा यसको गतिमा भने केही तिब्रता ल्याउन आबश्यक छ ।

बैङ्कको विभिन्न वित्तीय परिसूचकहरूले यो बैङ्क स्वस्थ र सुदृढ रहेको प्रमाणित गर्दछ। विगतमा खराव कर्जा अनुपात अत्यधिक मात्रमा पुगी बैङ्कको अस्तित्वमा नै प्रश्नचिन्ह श्रृजना भएको कहालिलाग्दो अवस्थाबाट पार हुँदै सन्तोषजनक अवस्थामा आइपुगेको छ। पूँजी पर्याप्तता अनुपात, कर्जा र पूँजी तथा निक्षेप अनुपात, पूँजीको लागत र आधार व्याजदरको दृष्टिकोणबाट बैङ्क अत्यन्तै सवल अवस्थामा रहेको छ।

मानव संशाधनको दृष्टिकोणबाट हेर्दा यो बैङ्कमा वित्तीय क्षेत्र सुधार कार्यक्रमको सिलसिलामा भर्ना भएका कर्मचारीहरूको नेतृत्वमा बैङ्क आइपुगेको छ। यो जनशक्ति भनेको प्रविधिमैत्री तथा परिवर्तनको संबाहकको रुपमा आधुनिक ज्ञान र अदम्य शक्ति भएको जनशक्ति हो ।

***नेबियु सन्देश : बित्तीय क्षेत्रमा बैकिङ्ग क्षेत्रको समग्र अवस्था कस्तो छ ? अनि नेपाल बैङ्कका परिसूचकहरू के कस्ता छन् ? स्पष्ट पारिदिनु हुन्छ कि ?***

बैकिङ्ग क्षेत्र वित्तीय क्षेत्रको एक अंश मात्र भएपनि सर्बसाधारणले पर्यायको रुपमा बुझ्ने गरेको पाईन्छ । नेपाल राष्ट्र बैङ्कको विवेकशिल नियमन र समग्र बैकिङ्ग क्षेत्रको स्वनियमनको कारणले गर्दा वित्तीय क्षेत्र स्थिर र स्वस्थ रहेको छ । देशको ७५३ सम्पूर्ण स्थानीय निकायहरूमा बैङ्कको उपस्थिति अनिबार्य भएको सन्दर्भमा वित्तीय पहुँच पनि उल्लेखनियरुपमा बृद्धि भएको छ । हालैमात्र नेपाल राष्ट्र बैङ्कको सर्वेक्षणबाट ६०.९ प्रतिशत जनसंख्यामा वित्तीय पहुँच पुगेको तथ्याङ्क प्रकाशित भएको छ । करिव ३३०० जनसंख्यामा एक बैङ्क तथा वित्तीय संस्थाको शाखाले सेवा प्रदान गरेको अवस्था छ ।

वित्तीय क्षेत्रमा केही वर्ष देंखि निरन्तररुपमा देखापरेको समस्या भनेको निक्षेप बृद्धि र कर्जाको मागको बीचको अन्तर हो । देशमा आएको राजनीतिक स्थिरता संगसंगै उद्योग तथा व्यापारमा आएको उच्च मनोवलस्वरुप लगनीयोग्य पूँजीको माग बढेको र सोही अनुपातमा निक्षेपको बृद्धि नभएको कारणले गर्दा समग्र बैङ्कमा असर परेको छ । यस परिवेशमा पनि नेपाल बैङ्कले समग्र स्थितिलाई मध्यनजर गरी उचित व्यवस्थापन गर्दै आएको छ ।

***नेबियु सन्देश : बैङ्क विकासको पाटोमा ICCMT को कार्यकाल, बैङ्कको पूँजीबृद्धि योजना, नेपाल राष्ट्र बैङ्कको प्रत्यक्ष भूमिका र हालको परिवर्तित अवस्थालाई समग्र मूल्याङ्कन गर्नुपर्दा कसरी गर्नु हुन्छ ?***

वि सं. २०५० को दशकमा यस बैङ्कको वित्तीय अवस्था विग्रिएको थियो । बैङ्कको आन्तरिक शुसासनको अभाव र उच्च व्यवस्थापक तथा कर्मचारीबर्गमा आएको नैतिक ह्रास फलस्वरुप बैङ्कको वित्तीय अवस्था खराव भएको थियो । उक्त अवस्थाबाट बैङ्कलाई पार लगाउन वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत ICCMT समुहले मिति २०५८ चैत्र १ गते देखि २०६४ श्रावण ४ गतेसम्म बैङ्क सञ्चालन गरेको थियो । उक्त समय पश्चात् २०६४ श्रावण ५ गतेवाट २०७१ चैत्र ११ सम्म नेपाल राष्ट्र बैङ्कले प्रत्यक्ष सञ्चालन गरेको थियो ।

ICCMT ले व्यवस्थापन सम्हाल्दा बैङ्कको वित्तीय अवस्था जर्जर रहेको थियो । उक्त परिप्रक्ष्यमा बैङ्कको व्यवसाय बृद्धि भन्दा बैङ्कलाई आन्तरिकरुपमा मजबुत बनाउनु आबश्यक थियो । बैङ्कको अत्यधिक मात्रमा रहेको खराव कर्जाको मात्रा घटाउनु, निरन्तर बढ्दै गएको नोक्सान रोकी नाफामा लैजानु, ऋणात्मक रहेको खुद सम्पत्तिलाई धनात्मक दिशामा लैजानु, अत्यधिक

मात्रामा रहेको कर्मचारीको व्यवस्थापन गर्नु, केही बर्षदेखि रोकिएको लेखापरीक्षण नियमित गराउनु, बैङ्क सञ्चालनको पुरानो पद्धतिलाई आधुनिक प्रविधिमैत्री बनाउनु, आन्तरिक कार्यप्रणालीलाई व्यवस्थित गर्न कार्य सञ्चालन निर्देशिका र लेखा निर्देशिका बनाउनु जस्ता जिम्मेवारीहरू थिए जुन आफ्नो ५ बर्ष अवधिभित्र अपेक्षितरुपमा सफल नभएपनि उल्लेखनिय सुधार गर्न सफल भएको पाईन्छ ।

ICCMT पश्चात् नेपाल राष्ट्र बैङ्कको प्रत्यक्ष सञ्चालनमा करिव ६ वर्ष रह्यो । यस अवधिमा ऋणात्मक खुद सम्पत्तिलाई धनात्मक बनाउन, बैङ्कको पूँजी बृद्धि गर्न, व्यवसाय बृद्धि गर्न र आन्तरिक सुदृढीकरण गर्दै व्यवसायिक प्रमुख कार्यकारी अधिकृतलाई व्यवस्थापन हस्तान्तरण गर्न सफल भएको पाईन्छ ।

नेपाल बैङ्कको अस्तित्व जोगाई राख्न मात्र नभई बैङ्कलाई नेपालीहरूको आस्थाको धरोहरकोरुपमा पुर्नस्थापित गर्न सफल भएकोमा सुधारको क्रममा विभिन्न कालखण्डका व्यवस्थापन समुह तथा कर्मचारीहरूमा बर्तमानमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको तर्फबाट कृतज्ञता टक्राउन चाहन्छु ।

***नेबियु सन्देश : नेपाल बैङ्क लिमिटेडको सेवा अवधिभरमा तपाईंले अनुभव गर्नुभएका सुखद/दुःखद क्षण बारे केही बताइदिनु हुन्छ कि ?***

विशेष गरी दुखद अनुभवको सम्झना गर्दा बरिष्ठ प्रबन्धक भई विरगञ्ज शाखामा शाखा प्रबन्धकको जिम्मेवारी ग्रहण गरेको पहिलो दिनबाट तत्कालिन भूमिगत सञ्जालबाट आएको ज्यान मार्ने धम्की र निरन्तर एक महिनासम्म भोग्नुपरेको कठिन अवस्था जिन्दगीको लागि दुखद क्षण थियो । पद ग्रहण गरेकै दिनमा आएको चुनौती अवश्य पनि संस्था भित्रको सूचना भूमिगत समूहसम्म तत्काल पुगेकोले मात्र सम्भव भएको लाग्दछ । यस घटनाले गर्दा संस्थाभित्रको मानविय तथा भौतिक सुरक्षा र विश्वासको बातावरण सृजना गर्नुनै प्रमुख चुनौती थियो । यस चुनौतीलाई प्रधान कार्यालय र केही मध्यस्थकर्ताहरूको सहयोगमा कुनै क्षतिविना निदान गर्न सफल भएको दिनमा ठूलो राहत महसुश भएको थियो ।

***नेबियु सन्देश : नेपाल बैङ्कले पूँजीवृद्धि योजनालाई सफल बनाई बैंकिङ्ग क्षेत्रमा अवल दर्जामा आफूलाई नाफामूलक संस्था बनाउन सफल भएको परिस्थिति एकातिर छ भने यसका स्टेकहोल्डरहरू, कर्मचारीवर्ग, ग्राहकवर्गका असन्तुष्टिलाई कसरी व्यवस्थापन गर्नुहुन्छ ?***

नेपाल बैङ्क पूँजीको हिसावबाट सक्षम बैङ्कको रुपमा स्थापित भएको छ । नेपाल बैङ्क विशाल ग्राहकहरूको धरातलमा उभिएको बैङ्क हो । हामी पूर्णरुपमा सचेत छौं कि यो एक व्यवसायिक संस्था हो, सन्तुष्ट ग्राहकहरू नै हाम्रो उद्देश्य हो । हामी समय सापेक्षिकरुपमा हाम्रो सेवालाई अझ परिष्कृत गर्दै जानेछौ । यो कुनै विभाग विशेषको मात्र जिम्मेवारी नभई हामी समस्त कर्मचारीबर्ग यसमा समर्पित भईरहेका छौं ।

विभिन्न तालिम तथा विकासका कार्यक्रमहरू सञ्चालन मार्फत कर्मचारीहरूको आचरणमा, व्यवसायिक ज्ञानमा अझ व्यापक सुधार गर्नेछौं । औसत भूमिका खेलेर हामीले देखेको सपना पूरा हुन सम्भव छैन । आजका दिनभन्दा हिजोको दिन राम्रो थियो भनेर कुनै दिन सोच्न समेत नपरोस् भन्ने हाम्रो ध्येय हो । हरेक दिन आजभन्दा भोलि राम्रो हुँदै जानुपर्दछ । यसको लागि कर्मचारीहरूमा तालिम तथा क्षमता अभिबृद्धि गर्दै उत्पादकत्व अभिबृद्धि गरी बैङ्कको समग्र वित्तीय अवस्था मजबुत बनाउन हामी दृढ सङकल्पित छौं ।

***नेबियु सन्देश : नेपाल बैङ्कको समृद्धि, सुशासन र शुरु देखिको नै राम्रो संस्कारलाई अझ बढी प्रभावशाली बनाई कार्यान्वियन गर्ने यहाँको के कस्तो योजना रहेको छ ? बताइदिनु हुन्छ कि ?***

देशको पहिलो बैङ्क भएकोले नैतिक बैंकिङ्गको नेतृत्व गर्ने गरी यस बैङ्कलाई सञ्चालन गर्नु हाम्रो प्रमुख दायित्व हो । देख्दा सुन्दा सामान्य लाग्ने तर आचरण र व्यवहार, प्रबृत्तिगत कुराहरूले सुशासन र संस्कार प्रतिविम्ब हुने भएकोले यसतर्फ अझ सचेत हुन जरुरी छ । धनको धन्दामा निर्लिप्त नेपाली समाजमा धनभन्दा माथि ईज्जतको तह छ अनि त्यो तहमा नैतिक निष्ठाबाट मात्र उक्लन सम्भव छ भन्ने ज्ञान नेपाल बैङ्कका कर्मचारीहरूमा रहेकोले सुशासनको प्रबर्द्धन कठिन हुने छैन । बैङ्क कुनै एक व्यक्तिले भन्दा संयन्त्रले चल्ने भएकोले उचित र दिगो संयन्त्र निर्माण गर्नेछौं । बैङ्कको उद्देश्य प्राप्तिमा संलग्न हुने सबै कर्मचारीहरू धन्यवादका पात्र हुनुहुन्छ ।

यस अवसरमा बैङ्कका सम्पूर्ण कर्मचारीहरूलाई बैङ्कले लिएका उद्देश्य प्राप्तिमा आगामी दिनमा अझ क्रियाशील हुँदै बैङ्कको गरिमा उच्च राख्ने गरी बैङ्कको तर्फबाट सेवा प्रदान गर्न/गराउन सम्पूर्ण कर्मचारीहरूलाई आह्वान समेत गर्दछुँ ।

***नेबियु सन्देश : अन्तमा हाम्रा पाठकवर्गलाई के सन्देश दिन चाहनु हुन्छ ?***

नेपाल बैङ्क हामी नेपालीहरूको साझा नीधि हो । नेपालमा बैंकिङ्ग सेवाको प्रादुर्भाव गरेको यस संस्थाले व्यापार व्यवसायको बृद्धि, देशमा पूँजी निर्माण तथा कर्जामा पुऱ्याएको सेवा र समग्ररुपमा देशको आर्थिक बृद्धिमा अतुलनिय योगदान प्रदान गर्दै आएको छ । आफ्नो ८२ वर्षको लामो इतिहासबाट प्रेरणा र शिक्षा लिदै आदरणिय ग्राहकहरू समक्ष आफ्नो सेवालाई अझ परिष्कृत सेवा प्रदान गर्दै देशको आर्थिक विकासमा नेतृत्वदायी भूमिका बहन गर्न सक्षम रहेको विश्वास दिलाउन चाहन्छु ।

नेपाल बैङ्क ८२ बर्ष पूरा गरी ८३ बर्षमा प्रवेश गरेको यस अवसरमा बैङ्कका सम्पूर्ण ग्राहकवर्ग, नियामक निकाय, नेपाल सरकार तथा आम नेपालीहरूमा म आभार प्रकट गर्न चाहन्छु । आगामी दिनमा पनि सम्बद्ध सबैबाट बैङ्कलाई निरन्तर सहयोग प्राप्त हुने विश्वास लिएको छु ।



# Towards Corporate Governance



**–Sundar Panthi**
**Chief manager**
**Nepal Bank Limited**

## Basic Ideas

Governance in common parlance refers to the way some administrative system or institution is run. So corporate governance is the term referring to the governance in the context of institutions of corporate structure where the ownership and management are on the hands of different people. When organizations were small firms run by the owners, the governance was not the big issue. But when organizations got bigger, businesses expanded in terms of geographical coverage, customer base, product lines etc, management got more complex and the need of entrusting managerial functions to professionals evolved. This way management emerged as a separate part of functions with professional managers representing a different kind of stake in the organization. The uneasiness in maintaining a trust and faith in this newly developed agency structure was the one that first sowed the roots of corporate governance.

In a professionally run corporate institution where the owners and management are separate, there exists a gap in the role, concerns and accordingly, the way of thinking among the stakeholder like owners, management. Still different is the perspective of customers and in the case of banks, depositors. All cannot have equal access to the information regarding the resources, decision or the financial performance of the organization. Similarly, all may not have the capacity to read, analyze and examine the information in the pursuit if their concerns. Out of the lack of transparency and control mechanism, there may be the chances that people run on their vested interest and give way to moral hazard problems. The present idea and the conceptual framework of corporate governance are aimed to capture these issues.

It is a universally admitted that better transparency contributes to enhancing trust and an impression of fairness in activities. The business of banks is much sensitive in that they are to act as the custodian of the money of the public and any kind of failure in keeping the faith of depositors upright can be devastating. Incidences of bank runs and bank panics have been noted as the episodes of real panic and hardships in the history. This is one among the reasons why banks and FIs are held under much stringent frameworks of rules and regulations by the state.

Right from the practice that corporate management is entrusted on the hands of professional managers (as independent from the owners), the agency conflict evolved. From the part of owners, managers are to be held abreast with the interest of the owners that naturally revolves around earning a fair and competitive return on the investment. The golden rule of capitalism maintains that control should be where the ownership rests. So owners remain always anxious that professional managers albeit entrusted with the managerial functions, remain within their control so that they do not fool them and happen to squander resources in suboptimal ventures. On the side of the managers, managers are to be granted some reasonable degree of autonomy to exercise their managerial exercise. They prefer to stay free of interventions from the owners in the day to day operations and management. The concept of corporate governance assumes its foundations from the search around for a resolution to this inborn conflict in a corporate management system.

## Corporate Governance in Banking Business

Coming down to the context of banking business, following can be enumerated as the key points regarding the high emphasis on corporate governance in the banking sector.

1. Stability in the banking system is important for attaining a sustained economic growth.
2. Good corporate governance is required in banks to achieve good corporate governance in other firms.
3. Banks have wider range of stakeholders-government, regulators and most importantly depositors.
4. Well functioning banking system promotes market confidence, helps to attract additional capital, and fosters market discipline.
5. Corporate governance helps to dispel an impression of profiteering and maintain that the company takes into account the interest of not only of a group of people but also of the communities within which they operate.
6. Good corporate governance practices in banks contribute to financial market development and financial stability.

## The Nepalese Context

Nepal has implemented the Basel Accord known as Basel II from 2008 July in the banking sector where good corporate governance forms an important dimension of the accord. So complying with the corporate governance provisions set forth in Basel II has become essential as well as mandatory for the banks and FIs. The framework of acts, rules, regulations and central bank directives pertaining to corporate governance are therefore the basic premise of the of corporate discipline which are put up with high importance.

Every welfare state has to work to develop and maintain conducive environment for economic activities to boost up. A robust and efficient financial system with coverage to all corners of the country constitutes a ground-work for economic development. Nepal Government and Nepal Rastra Bank

(NRB) as the Central Bank are working to build up a transparent, competitive and strong financial sector. Strong regulatory mechanism encompassing the interests of all corporate stakeholders and ultimately the people is the ultimate foundation for this. The corporate governance of banks and financial institutions in Nepal is ensured with the following three regulatory instruments.

1. **Banks and Financial Institutions Act 2073**: This is the most fundamental act governing the functioning of the banks and financial institutions in Nepal.
2. **Unified Directives of NRB (Especially the Directive No 6)**: Unified directives are updated every year consolidating the all circulars issued by the NRB throughout the fiscal year. The corporate governance related directions are incorporated in the Directive No 6.
3. **Companies Act 2063:** Company Act 2063 represents the fundamental legal document supposed to guide the running of companies in Nepal. Various provisions pertaining to the governance include the ones in Section 50, 70, 92, 93, 105, 101, 109.

The concept of corporate governance is manifested in the form of various concerns relating to the smooth and professional functioning of the organization. In this regard, the issues emphasized by the regulatory framework of Nepalese banking system can be discussed as follows:

### i. Conflict of Interest

The issue of conflict of interest is one of the key issues addressed in the acts, rules and regulations. There are several provisions aimed at preventing the conflict of interest of the board of directors with the bank or financial institution. Some of them can be elaborated as follows:

- Banks and Financial Institutions Act 2073 (BAFIA 2073) in its section No 50 has prohibited various activities in order to prevent the conflict of interest and keep transparency in the operations. This section restricts granting loans to the promoters, directors, or executive officers holding more than 1% of the shares of the bank or ones the persons having a financial interest in the company. Similarly, lending on the backing of guarantees of such persons is also prohibited.
- In the section no 11 of the act, the promoters in the company, promoters are not allowed to sell or get loans against the shares of the company for a period of 5 years. Even after five years barred period, permission is to be taken from NRB.
- The section no 22 of the act explicitly requires the Board of Directors to keep assurance that they work to preserve the overall interest of the depositors, customers and shareholders and not intervene in the day to day businesses like taking deposits, providing loans, managing the staff and spending from the budget of the bank.
- The subsections under Section 23 of the act clearly prohibits a director from deriving any kind of personal benefit from the course of day to day activities of the bank. If anything is got done crossing the jurisdiction, he/she is to remain personally liable. He/she should not intervene in the day to day activities of the bank management.
- Section No 24 has a provision that requires a director to disclose if he/she or family members have any kind of financial interest with the bank or in the appointment of the company secretary, Chief Executive Officer or Auditor of the bank. Similarly, with the provision in section no 25, a director is abstained to participate in the discussion pertaining to any matter that has any kind of interest to him/her.

Companies Act 2063 has some provisions pertaining to Conflict of Interest and Transparency. Section 50 of the Act requires that the substantial shareholder of a public company has to furnish the information of being so. Section 70 maintains that the shareholders having conflict are not qualified to vote in general meetings. Section 92 requires a director to give information about transaction between company and him/her or close relatives. According to Section 93, if a director or close relatives have to enter into any transaction with the company, approval of general meeting is required. As per the Section 101, a company is restricted provide loans to directors and officers.

### (ii) Competent Key Personnel

The next issue traced to have emphasis in the legislative framework is the provision of ensuring the involvement of competent people in the key positions of the bank. The provisions can be stated as follows:

Provisions relating to the qualifications for directors and chief executive officers specified in the section 16 and 29 ensure reasonable level of relevant knowledge, work exposure and a professional standing for the persons to be in the posts.

In addition, section No 17 of the act has mandated a requirement to appoint professional director who would have ensure a presence of a person of appropriate education and professional exposure required for the banking institution.

NRB Unified Directive No 6 has set for the Code of Conduct for Directors of the banks and financial institutions. The major provisions in the directive include the clauses that prohibit the directors from interference in day-to-day operation of the financial institution. If there is some conflict of interest, the concerned director has to inform the board before assuming office. Similarly, directors should not involve in any activity which is against the interest of the company (conflict of interest). Directors of one deposit taking institution cannot act as director of other FI. Director cannot act as custodian or trustee of any of the customer.

### Challenges

Tracing the Nepalese scenario, though legal framework looks sound the impression of corporate governance is not comfortable. As other sectors banking industry is also affected by the culture of influence and intervention backed by familial or political status. Political influence appears more in the context of government owned banks. Political instability and prolonged political transition has built the culture of political

intervention instead of running by a system of rules. While the governance weaknesses, challenges of improvement and the thrust for cleaning up the system recognized during the phase of Financial Sector Reform initiatives appear losing the emphasis, risks in the banking sector have intensified with the emergence of technology, financial innovation and greater links to the global financial system with the growth of international transactions. The quest of the bank investors to earn high profits in short time has also created aggression and unhealthy measures in business. This all has made the business of banks much demanding of sound corporate governance so that the system runs intact and goes hand in hand in the grand move of nation building and development.

### Final Remarks

In conclusion corporate Governance is crucial for each and every organization. Corporate governance is the fairest strategic direction of a company. Monitoring of management by the board and the board's accountability to the company shareholders represent the authority mechanism for control. The ultimate responsibility of enacting and maintaining good governance lies with the professionally driven senior management. As a conclusive message to state it may be asserted that ethical intellect and self regulation is always superior to any threat of regulatory impositions.

*वित्तीय स्वतन्त्रता ....*

यसको शुरुवात खुत्रुके बचतबाट समेत गर्न सकिन्छ। हुन त वित्तीय स्वतन्त्रताको अभियान बचत मात्रले सम्भव हुँदैन तर बचत गर्नु अभियानको पहिलो र महत्वपूर्ण पाइला भने अवश्य पनि हो। यस अभियानमा बचतलाई पूँजीको रुपमा विकसित गर्दै लगानीसम्मको अवस्थामा पुर्‍याउनु आवश्यक हुन्छ, जसले प्रतिफलको रुपमा वित्तीय स्वतन्त्रता प्रदान गर्न सकोस्। केही रकम हातमा हुँदा प्राप्त हुने आत्मविश्वासले मनमा शान्ति प्रदान गर्छ, अझ काम गर्ने उर्जा तथा उत्प्रेरणा प्रदान गर्छ , सकारात्मक सोच विकास गर्छ। जसले व्यक्तिको शारिरिक मानसिक स्वास्थ्य समेत सकारात्मकता तर्फ उन्मुख भई स्वस्थ समाजको निर्माण गर्न सकिन्छ।

**अन्त्यमा,**

भनिन्छ, अस्वस्थ मानसिकता नै अपराधको जननी हो। आर्थिक रुपले सम्पन्न मुलुकहरूमा सामाजिक विभेद र द्वन्द्वका मुद्धाहरू नगन्य मात्र सुनिन्छन् भने हाम्रो जस्तो गरीब र परनिर्भर मुलुकमा यी र यस्तै मुद्धाहरू नै सबै भन्दा बढी टाउको दुखाईका विषय बनिरहँका हुन्छन्। जसले विकासको गतिलाई सदैव धिमा गरिरहेको हुन्छ। राजनीति गर्नेले पनि यी र यस्तै मुद्धाहरू उठाएर राजनीति गर्ने भएकोले मुलुक झन् झन् भड्खालो तिर धकेलिएको पाइन्छ। जनता जनताको बीचमा आर्थिक दुरी जति बढिरहन्छ सामाजिक विभेदको जालो उति नै घना र बलियो हुने भएकोले यसको भिषणता चिर्न राज्य सधै असफल नै रहन्छ। राजनीतिकरुपले स्वतन्त्र रहनु जति जरुरी छ त्यति नै जरुरी वित्तीयरुपमा स्वतन्त्र रहनु पनि हुन्छ भन्ने कुरालाई सबैले मनमस्तिष्कमा राख्नु आवश्यक छ। सधै गाँस, बास र कपासकै समस्यामा अल्झिरहने समाजबाट राष्ट्रिय विकासको लक्ष्य कहिल्यै प्राप्त गर्न सकिन्न। राष्ट्रिय विकासको लागि नविन अन्वेषणात्मक सोचको खाँचो हुन्छ जुन अभाव रहित स्वस्थ समाजबाट मात्रै सम्भव छ।


Progressive Finance Limited
प्रोग्रेशिभ फाइनान्स लिमिटेड
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था

प्राकृतिक व्यक्तितर्फको ब्याजदर

| बचतको प्रकार | ब्याजदर | न्यूनतम मौज्दात | ब्याज पूँजीकृत गरिने समय |
|---|---|---|---|
| क) सामान्य तथा विशेष बचत | ८.५०% | रु. १०० ।- | त्रैमासिक |
| ख) प्रोग्रेशिभ सुपर बचत | ८.५०% | रु. ५,००० ।- | त्रैमासिक |
| ग) बाल बचत | ८.५०% | रु. १,००० ।- | त्रैमासिक |
| घ) कर्मचारी ग्रोइङ प्लस बचत | ८.५०% | रु. १,००० ।- | त्रैमासिक |
| ङ) प्रोग्रेशिभ गोल्ड बचत | ८.५०% | रु. २,००० ।- | त्रैमासिक |
| च) शेयरधनी बचत | ८.५०% | रु. ५,००० ।- | त्रैमासिक |
| छ) प्रोग्रेशिभ उन्नति बचत | ८.५०% | रु. १,००० ।- | त्रैमासिक |
| ज) उग्रतारा विशेष बचत | ८.५०%* | रु. १०० ।- | त्रैमासिक |
| झ) शुभारम्भ बचत खाता | ८.५०%* | रु. १ ।- | त्रैमासिक |
| ञ) जेष्ठ नागरिक/कृषक मजदुर/ एकल महिला पुरुष बचत खाता (JNKMEMP) | ८.७५% | रु. ५,००० ।- | मासिक |
| ट) प्रसन्न बचत खाता | ९.००% | रु. ५०,००० ।- | मासिक |

संस्थागततर्फको ब्याजदर

| | | | |
|---|---|---|---|
| १) कल खाता | ८.५०% सम्म | रु. ५,००० ।- | त्रैमासिक |

*शर्तहरु लागु हुनेछ ।

ख) साधारण मुद्दती निक्षेपमा प्रदान गरिने वार्षिक ब्याजदर :

प्राकृतिक व्यक्ति/संस्थागततर्फको ब्याजदर

| अवधि | त्रैमासिक ब्याज भुक्तानी |
|---|---|
| ३ महिना देखि १ वर्ष मुनि सम्म | १०.१५% |
| १ वर्ष देखि २ वर्ष मुनि सम्म | १०.२५% |
| २ वर्ष देखि ५ वर्ष मुनि सम्म | १०.५०% |
| ५ वर्ष भन्दा माथि | आपसि सहमतिमा |

ज्येष्ठ नागरिक/कृषक/मजदुर/एकल महिला तथा एकल पुरुषका लागि प्रदान गरिने ब्याजमा माथि उल्लेखित ब्याजदरमा ०.२५% थप ब्याज प्रदान गरिनेछ ।

हाम्रा रेमिटेन्स सेवाहरु:
IME Western Union Money Transfer Himal Remit Boom Remit City Express Multinath Remit

हाम्रा शाखा तथा काउन्टर कार्यालयहरु :

केन्द्रिय कार्यालय
पाको, न्युरोड, काठमाडौं
फोन नं.: ०१-४२४६४०२, ०१-४२५१२८४ । फ्याक्स: ४२४६४०३
GPO Box नं.: १०३२०
ईमेल: info@pfltd.com.np | वेब साइट: www.pfltd.com.np

केन्द्रिय कार्यालय अन्तर्गतका काउन्टर कार्यालयहरु
क) पुलचोक, ललितपुर (०१-५५३४४१०)
ख) मंगलबजार, ललितपुर (०१-५५४६२२४)
ग) धारटोबाटो, ठिमी, भक्तपुर (०१-६६३२५३३)

शाखा कार्यालय
पुलबजार, बनेपा, काभ्रे
फोन नं.: ०१-६६२११२२
ईमेल: janagal@pfltd.com.np

"Our business is to finance yours."



बिना शोधभर्ना विरामीलाई स्वस्थ रगत उपलव्ध गराउन शत प्रतिशत स्वयंसेवी रक्तदान अभियानमा सहभागी हुन सम्पूर्ण नेपालीहरूलाई आहवान गर्दै नेपालको राष्ट्रिय रक्तदान अभियानमा सरिक होऔं ।

ब्लड डोनर्स एशोसियशन नेपाल (ब्लोदान) परिवार



Happy New Year 2075

Rejendra Man Shrestha
Director

ROCHAK HAND-KNIT CRAFT
Manufacturer and Wholeseller of
Handmade Wollen Sweter, Cotton and Natural Fiber
P.O. Box 10005, 63/48 Pahikwa Marg, Naya Bazar (Town Planning), Kathmandu-16
E-mail: rochakhandkintcraft@hotmail.com Website: www.rochkhandkntcraft.com.np

# शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न

नेपाल बैङ्क कर्मचारी युनियन, केन्द्रीय समितिले मिति २०७६ कार्तिक ७ गते बिहिबारका दिन नयाँ सडक, काठमाण्डौमा आफ्नै कार्यालय सभाकक्षमा एक समारोहका बीच नेपालीहरूको दोस्रो महान चाड तिहार, न्हू दँ ने.सं. ११४० र छठ पर्वको सुखद अवसरमा शुभकामना आदान-प्रदान कार्यक्रम र तुच्चा ज्याभ्व: भव्यतापूर्वक सम्पन्न गरेको छ ।

कार्यक्रममा युनियनका अध्यक्ष राजुराम मुनंकर्मीले सबैलाई स्वागत र शुभकामना दिनुहुँदै बैङ्क तथा युनियनको गतिविधि माथि प्रकाश पार्नुभयो भने विशेष अतिथि युनियन आवद्ध महासंघ एनडिफन्टका अध्यक्ष चिरागमान सिंह कुँवरले नेपालमा ट्रेड युनियनको अवस्था, गतिविधि र श्रमिकहरूको हक अधिकारका लागि आगामी दिनमा महासंघहरूले खेल्नुपर्ने भूमिकाबारे संक्षिप्त चर्चा गर्नुभयो ।

त्यसैगरी अतिथिहरू क्रमश: एनडिफन्टका सचिव एवं संस्थापक अध्यक्ष तथा सल्लाहकार समितिका संयोजक प्रकाशलाल जोशी, युनियनका सल्लाहकार एवं निवर्तमान अध्यक्ष रमेशकुमार श्रेष्ठ, स्वतन्त्र सञ्चारग्रामका सम्पादक दानदास श्रेष्ठ लगायतले युनियनको गतिविधिको प्रशंसा गर्दै बैङ्क विकास र कर्मचारी हकहितको लागि युनियनले अग्रणी भूमिका निभाउन सफलता प्राप्त गरोस् भनी शुभकामना व्यक्त गर्नुभयो ।

युनियनका सचिव सन्तोष श्रेष्ठले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा सबै पदाधिकारी तथा सदस्यहरूले एक आपसमा परिचय र शुभकामना आदानप्रदान गरेका थिए ।












**यस बुलेटिनको लागि उपयुक्त लेख रचना तलको ई-मेलमा पठाइदिनुहुन अनुरोध छ ।**

**nebeu.sandesh@gmail.com**

**प्रकाशित लेख रचनाको लागि पारिश्रमिकको पनि व्यवस्था गरिएको छ ।**


**प्रधान सम्पादक :** हरिसुन्दर कुसी, ,**सम्पादक :** सन्तोष श्रेष्ठ, **व्यवस्थापन :** दीपकराज शर्मा, महेश डंगोल, राम गोपाल श्रेष्ठ **व्यवस्थापन संयोजक :** रमेशकुमार श्रेष्ठ, **सल्लाहकार :** राजुराम मुनंकर्मी,
**प्रकाशक :** नेपाल बैङ्क कर्मचारी युनियन, केन्द्रीय समिति, काठमाडौं, फोन : ४२२११८५ (एक्सटेन्सन : ४६०) E-mail: nebeu.sandesh@gmail.com